## १ अपि नगरपालिकाको संक्षिप्त परिचय

विश्व मान चित्रमा २९$^{0}$ ४५' डिग्रि देखि २९$^{0}$ ५३' ४०" डिग्री उत्तरी अक्षांश र ८०$^{0}$ २६' ४०" देखी ८०$^{0}$ ३९' पूर्वी देशान्तर सम्म र समुद्री सतह देखि ७५० मिटर उचाई देखि २५०० मिटर उचाईमा अवस्थित अपि नगरपालिका दार्चुला जिल्लाको सदरमुकाममा केन्द्र रहेको छ। दार्चुला जिल्लाको उत्तरी भेगमा रहेको अपि हिमालको नामबाट साविक ब्रहमदेव, छापरी, काँटै, खलंगा र धाप गा.वि.स. गरी ५ वटै गा.वि.स.को सम्पूर्ण भु-भाग समेटेर मिति २०७१ साल बैशाख २५ गतेका दिन नेपाल सरकारबाट घोषणा गरिएको नगरपालिका हो । अपि नगरपालिका नेपाल सरकारले घोषणा गरेका ७२ नगरपालिका मध्ये सुदूर पश्चिमाञ्चल बिकास क्षेत्रको सुदूर जिल्ला दार्चुला जिल्लामा रहेको एक मात्र नगरपालिका हो।

यस नगरपालिकामा धार्मिक एवं ऐतिहाँसिक पवित्र शक्तिपीठ धार्मिक स्थलहरु लगायत विभिन्न मौलिक साँस्कृतिक, प्राकृतिक सम्पदाले भरिपूर्ण रहेकोले अपि नगरपालिका प्रर्यटनको प्रचुर सम्भावना बोकेको नगरपालिकाहरु मध्ये एक हो । ऐतिहाँसिक महत्व बोककेको साँस्कृतिक सम्पदाले भरिपूर्ण संस्कृतिको अनुपम नमुनाको रुपमा जैविक विविधता तथा प्राकृतिक सम्पदाले भरिपूर्ण र विविध जातजाती, भाषाभाषी र धर्मालम्बिहरुको साझा बसोबास रहेको छ। नगरपालिका धार्मिक, प्रर्यटकीय तथा आर्थिक रुपले आफैमा आत्म निर्भर रहन प्रचुर सम्भावना बोकेको छ। साँस्कृतिक रुपमा मनाइने गौरा पर्व, जात्रा र शिवरात्री पर्व, वडादसैं यस नगरपालिका क्षेत्रका बासिन्दाले मनाउने प्रमुख प्रर्व हो। यस नगरपालिकामा बसोवास गर्ने सौका जातिले परम्परागत रुपमा आफ्नै घरमा तयार पारिने गचैंचा, राडी, पांखी र चट्को जस्ता घरेलु साना उद्योगले पनि आफ्नो पहिचान बोकेको छ। दार्चुलामा बनेको गलैंचा नेपाल भरी नै प्रख्यात प्रसिद्ध रहेको छ।

हिन्दुहरुको शक्तिपीठ मालिकार्जुन देवता, ब्रहमदेव मन्दिर र प्राचिन कालमा व्यास ऋषि हिमालबाट तपस्या गरी फर्कदा तीन धारको चुलो बनाई भात पकाई खाएको चुलोको तिन धार मध्ये २ वटा धार यसै अपि नगरपालिकामा अवस्थित छन् ति दुवै धारको विचको भागलाई अपि हिमालको प्रवेशद्वारको रुपमा लिईन्छ। यसै कारण यस नगरपालिकाको नाम अपि हिमालको नामबाट नामांकरण गरिएको हो।

भौगोलिक अवस्थाः

भौगोलिक दृष्टिकोणले अपि नगरपालिका सम्पूर्ण भु-भाग वनोटको आधारमा चार (४) भागमा विभाजन गर्न सकिन्छ।

नदीले वनाएको समथर फाँट तथा वेसीहरु (समथर प्रदेश):

महाकाली नदी एवं खोला नालाहरुको किनारमा अवस्थित भित्री मधेस संग तुलना गर्न सकिने समथर उव्जाउ फाँटहरु समथर प्रदेश अन्तर्गत पर्दछन्। नगरपालिकाको प्रमुख अन्न भण्डारका रुपमा रहेको फाँट र वेसीहरुमा जनसंख्याको चाप पनि अत्याधिक रहेको छ। श्रीबगर, खलंगा, किम्तडी, धाप, असिगाडा र काकाडा आदी स्थानहरु यस प्रदेशका उदाहरण हुन।

**पाहाडि भागः**

यस नगरपालिकाको मध्य रहेको उच्च समस्थली यस अन्तर्गत पर्दछ, समथर भु-भागका तुलनामा केही उत्पादन कम भएता पनि उव्जाव क्षेत्रनै मानिन्छ । ब्रहमदेव, छापरी, काँटे, बाज, जायझुल, निसिल र धौकोटका बस्तिहरु यस प्रदेशमा पर्दछन् ।

**लेकाली मागः**

लेकाली भाग प्राभकृतिक सौन्दर्यताले भरिपूर्ण तर अन्न उत्पादनका दृष्टिकोणले कम उर्वर छ । प्राय हेमन्त रितुमा हिमपात हुनु यस भागको विशेसता हो लोकाली प्रदेश अन्तर्गत बबा, कोटकौतोली, मुल्ला मैखोली, दल्लेख, मसिनि सौकेभारडा, बरमुडे, शिखर र वलशिखर आदी भु-भाग पर्दछन् ।

**प्रमुख नदी ताल तलैयाः**

नेपाल र भारतको सिमानामा वग्ने महाकाली नदी प्रमुख नदी हो । निजङ्गाड, लाश्कुगाड, थालिगाड र कालागाड साहयक नदीहरु यी बाहेक स-साना नदी नालाहरुमा धौलिगाड, छर्छेरगाड, किम्तडीगाड, ग्राकुखोला र घट्टेखोला आदी रहेका छन् । नगरपालिका जलश्रोतका हिसावमा धनी नगरपालिकाका रुपमा चिनिन्छ । यहाँ रहेका नदि नलाहरुमा लघु जल बिधुत आयोजना सञ्चालन गरी जल बिधुत उत्पादन गर्न सकिने प्रसस्त सम्भावना रहेको छ । हाल लाश्कु खोला, निजङ्गाड खोला, छर्छेरे खोला र थालिगाड खोलामा लघु जलविधुत उत्पादन गरिएको छ ।

**प्रमुख धार्मिक एवं प्रर्यटकीय क्षेत्र**

**तपोवनः**

महाभारत कालमा पाण्डपहरुले कौरवहरुलाई हराई सकेपछी एउटा ठुलो यज्ञ गरे । जसमा ऋर्षिमुनि, विद्वान राजा महाराजाहरुलाई आमन्त्रण गरे जस मध्ये व्यास ऋर्षिलाई साथमा बोलाई ल्याउदा खाना खाने समय हालको नगरपालिका सदरमुकामको स्थान दार्चुलामा भएको हुदा खाना पकाउन चाहिने ३ वटा चुला यहाँ स्थित ३ तिन वटा धारको प्रयोग गरी खाना वनाई खाएको कारण यस ठाउँको नाम धारचुला हुन गएकोले कालान्तरमा अपभ्रंस भई दार्चुला हुन गएको हुन सक्छ । यी तिन वटा पहाड एक वटा भारत र दुई वटा नेपालमा पर्दछन । व्यास ऋर्षिबाट अक्त खाना पकाउन थालिएको आगोको तापबाट तातेको तातोपानी हाल पनि तातोपानी वग्दछ, जसलाई तपोवन भनिन्छ । यहाँ प्रत्येक बर्ष महाशिवरात्री पर्वको दिन भक्तजनहरुको मेला लाग्दछ, उक्त दिन स्नान गरि व्रत वसेमा बैकुण्ठ तरिन्छ भन्ने जन विश्वास रहेको पाइएको छ ।

१.२ मालिकार्जुन मन्दिर जात्राः

मालिकार्जुन देवता नगरपालिका एवं दार्चुला जिल्लाको वहु संख्यक जनताले कुल इष्ट देवताका रुपमा मान्ने देवता हुन यिनको मुल मन्दिर थान अपि नगरपालिका र मालिकार्जुन गा.वि.स.को विच सिमाना शिखरधुरामा अवस्थित छ । अन्य मालिकार्जुन देवताका मन्दिरहरु नगरपालिकाका विभिन्न स्थानहरुमा स्थापना गरिएका छन् उक्त मन्दिरहरुमा पनि कार्तिक शुक्लपक्षमा जात्रा हुने गर्दछ । मालिकार्जुन शिव देवताका द्धादंस (वारह) ज्योतिलिङ्ग मध्ये एक हुन जुन मानस खण्डबाट समेत स्पष्ट हुन्छ ।

**क्षेत्रफल/ सिमानाः-**

यस नगरपालिकाको कुल क्षेत्रफल १३१४ वर्ग किलोमिटर रहेको छ  यसको सिमाना यस प्रकार रहेको छ।

i) पूर्वः- खार, ईयरकोट र धुलिगाडा गा.वि.स.

ii) पश्चिमः- भारतको उत्तराखण्ड राज्यको पिथौरागढ जिल्ला

iii) उत्तरः- धारी र हुती गा.वि.स.

iv) दक्षिणः- ग्वानी, मालिकार्जुन भगवती र दत्तु गा.वि.स.

**राजनैतिक अवस्थाः-**

i) विकास क्षेत्रः- सुदूर पश्चिमाञ्चल

ii) अञ्चलः- महाकाली

iii) जिल्लाः- दार्चुला

iv) समायोजित गा.वि.स.हरुः- ब्रहमदेव, छापरी, काँटै, खलंगा र धाप

v) वडा संख्याः- १७ वटा

**वडा विभाजन यस प्रकार रहेको छ ।**

i) वडा नं. १ साविक ब्रहमदेव गा.वि.स. वडा नं. १,२ र ३

ii) वडा नं. २ साविक ब्रहमदेव गा.वि.स. वडा नं. ५,६,८ र ९

iii) वडा नं. ३ साविक ब्रहमदेव गा.वि.स. वडा नं. ४ र ७

iv) वडा नं. ४ साविक छापरी गा.वि.स. वडा नं. १,२ र ४

v) वडा नं. ५ साविक छापरी गा.वि.स. वडा नं. ३, ५ र ६

vi) वडा नं. ६ साविक छापरी गा.वि.स. वडा नं. ७, ८ र ९

vii) वडा नं. ७ साविक काँटै गा.वि.स. वडा नं. १, २ र ३

viii) वडा नं. ८ साविक काँटै गा.वि.स. वडा नं. ४, ५ र ६

ix) वडा नं. ९ साविक काँटै गा.वि.स. वडा नं. ७, ८ र ९

x) वडा नं. १० साविक खलंगा गा.वि.स. वडा नं. ७, ८ र ९

xi) वडा नं. ११ साविक खलंगा गा.वि.स. वडा नं. ४ र ५

xii) वडा नं. १२ साविक खलंगा गा.वि.स. वडा नं. ३ र ६

xiii) वडा नं. १३ साविक खलंगा गा.वि.स. वडा नं. १ र २

xiv) वडा नं. १४ साविक धाप गा.वि.स. वडा नं. ७, ८ र ९

xv) वडा नं. १५ साविक धाप गा.वि.स. वडा नं. ५ र ६

xvi) वडा नं. १६ साविक धाप गा.वि.स. वडा नं. ३ र ४

xvii) वडा नं. १७ साविक धाप गा.वि.स. वडा नं. १ र २

**व्यापारिक केन्द्रहरुः-**

**i)** खलंगा बजार

**ii)** धाप

**iii)** दल्लेख

हावापानीः-

नगरपालिकाको भौगोलिक वनावटमा देखिएको विविधता झै हावापानी तथा वातावरणमा पनि विषमता देखिन्छ। तसर्थ नगरपालिकाको हावापानीलाई देहाय बमोजिम विभाजन गर्न सकिन्छ।

i) लेकाली तथा ठण्डा सितोष्ण हावापनी
ii) सम सितोष्ण हावापानी
iii) उष्ण हावापानी

**जनसंख्या स्थितिः-**

राष्ट्रिय जनगणना २०६८ सालका अनुसार यस नगरपालिकाको कुल जनसंख्या २०७९७ रहेको छ। जसमा पुरुषको संख्या १००२३ र महिलाको संख्या १०७७४ रहेका छन्। दार्चुला जिल्लाको कुल जनसंख्याको १५.६ प्रतिशत रहेको छ। यस नगरपालिकामा सबै भन्दा वढि जनसंख्या ११ मा ४२८२ जना रहेको छ भने सबै भन्दा कम जनसंख्या वडा नं. २ मा ५३८ जना रहेको छ। र यस नगरपालिकाको जन घनत्तव १५८ व्यक्ति प्रति वर्ग कि.मि. रहेको छ।

**वडा अनुसारको जनसंख्या विवरणः-**

| क्र.स. | वडा नं. | परिवार संख्या | जनसंख्या | | जम्मा | औषत परिवार | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|---|
| | | | पुरुप | महिला | | | |
| १ | १ | १३३ | ३१८ | ३४१ | ६५९ | ४.९५ | ९३.२६ |
| २ | २ | ११० | २३७ | ३०१ | ५३८ | ४.८९ | ७८.७४ |
| ३ | ३ | १०८ | २५२ | ३०३ | ५५५ | ५.१४ | ८३.१७ |
| ४ | ४ | ११४ | ३१० | ३०७ | ६१७ | ५.४१ | १००.९८ |
| ५ | ५ | २१० | ५४६ | ६१२ | ११५८ | ५.५१ | ८९.२२ |
| ६ | ६ | २०५ | ४८४ | ५६३ | १०४७ | ५.११ | ८५.९७ |
| ७ | ७ | १५९ | ३९९ | ४३७ | ८३६ | ५.२६ | ९१.३० |
| ८ | ८ | २२२ | ५७८ | ६३४ | १२१२ | ५.४६ | ९१.१७ |
| ९ | ९ | १३९ | ३३१ | ३६१ | ६९२ | ४.९८ | ९१.६९ |
| १० | १० | २६५ | ६८३ | ८०५ | १४८८ | ५.६२ | ८४.८४ |
| ११ | ११ | ११७२ | २२४२ | २०४० | ४२८२ | ३.६५ | १०९.९० |
| १२ | १२ | २६२ | ५४२ | ५०९ | १०५१ | ४.०१ | १०६.४८ |
| १३ | १३ | ४२४ | ८७६ | ८८० | १७५६ | ४.१४ | ९९.५५ |
| १४ | १४ | २५८ | ७३० | ८०९ | १५३९ | ५.९७ | ९०.२३ |
| १५ | १५ | २५४ | ६१० | ७४४ | १३५४ | ५.३३ | ८१.९९ |
| १६ | १६ | १८८ | ४२९ | ५५६ | ९८५ | ५.२४ | ७७.१६ |
| १७ | १७ | १९६ | ४५६ | ५७२ | १०२८ | ५.२४ | ७९.७२ |
| जम्मा | | ४,४१९।- | १०,०२३।- | १०,७७४।- | २०,७९७।- | ४.७१ | ९३.०३ |

*श्रोत नेपाल सरकारको जनगणना २०६८ सालको जनगणना किताबबाट*

**शैक्षिक संस्था**

| सि.नं. | विवरण | संख्या | सि.नं. | विवरण | संख्या |
|---|---|---|---|---|---|
| १ | बाल विकास केन्द्र | | २ | प्रा.वि. | ३१ |
| ३ | नि.मा.वि. | ६ | ४ | मा.वि. | ५ |
| ५ | उ.मा.वि. | ५ | ६ | क्याम्पस | १ |
| ७ | प्राविधिक शिक्षालय | २ मा.वि.तह | | | |

**स्वास्थ्य तर्फः**

| सि.नं. | विवरण | संख्या | सि.नं. | विवरण | संख्या |
|---|---|---|---|---|---|
| १ | जिल्ला अस्पताल | १ | २ | स्वास्थ्य चौकी | ५ |
| ३ | आयुर्वेद ओषाधालय | २ | ३ | वर्थीङ सेन्टर | २ |
| ५ | नगर स्वास्थ्य क्लिनिक | २ | ६ | प्राथमिक स्वास्थ्य क्लिनिक | ० |
| ७ | उप स्वास्थ्य चौकी | ० | ८ | प्राइभेट स्वास्थ्य क्लिनिक | ५ |
| ९ | गाँउघर क्लिनिक | १७ | १० | खोप क्लिनिक | १७ |
| ११ | निजी स्वास्थ्य क्लिनिक फार्मेशी | 0 | | | |

**वन तर्फः**

i) सामुदायिक वन २१ वटा क्षेत्रफल -१७४३.२९
ii) अपि नम्पा संरक्षण क्षेत्र -१

**सडक तथा यातायात तर्फः**

i) कालोपात्रे सडक- १७ कि.मी.
ii) धुले सडक -१२ कि.मि.
iii) निर्माणधिन कृषि सडक-१.५ कि.मि.
iv) पक्की आर.सी.सी. पुल- ५
v) झोलुङ्गे पुल- १२
vi) सडकले नछोएका वडाहरु – १,४,५,७ र १४

**विद्युत तर्फः नेपाल विद्युत प्राधिकरण**

i) विद्युत सेवा ग्राहक संख्या- ३०६३
ii) विद्युत सेवा पुगेका वडाहरु – १७ वटै
iii) विद्युतीकरण हुन काँकी वडाहरु- x
iv) कार्यक्रम रही टच भएका वडाहरु –वडा नं. १

**साना लघु जल विद्युत आयोजना**

i) पौनेखोला लघु जलविद्युत आयोजना १० कि.वा.
ii) निसिलखोला लघु जल विद्युत आयोजना ५६.१३ कि.वा.
iii) ओखलगाडा लघु जल विद्युत आयोजना ३० कि.वा.
iv) निजाङ्गाड लघु जल विद्युत आयोजना २१.५ कि.वा.

**सञ्चार तर्फः**

i) जिल्ला हुलाक-१
ii) ईलाका हुलाक- १
iii) अतिरिक्त हुलाक- १
iv) एफ.एम. रेडियो संख्या- ५
v) पत्रपत्रीका संख्या- ४

**फोन तथा इन्टरनेट सेवा सुविधाहरुः**

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १ | लेण्डलाईन | ५२७ |
| २ | केबुल सेवा | १ |

**वित्तिय सहकारी सेवा संस्था**

i) राष्ट्रिय वाणिज्य बैंक-१
ii) जनता बैंक- १
iii) नेपाल बंगलादेश बैंक-१
iv) सरनराईज बैंक लि. -१

**विकास बैंक**

i) कृषि विकास बैंक-१
ii) सु.प. ग्रामिण विकास बैंक- १
iii) सहकारी संख्या- ३